घोडाघोडी स्थानीय राजपत्र

घोडाघोडी नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशीत

सुखड, कैलाली प्रदेश सुदुरपश्चिम, नेपाल


भाग २ | वर्ष ७ | अंक ५२ | २०८० फागुन २२ गते, मंगलबार


**प्रस्तावना :**

घोडाघोडी नगरपालिकामा स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अबस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वियन गर्न, नगरपालिका बाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय वनाउन, नगरपालिकाले स्थापना गरेको नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी विधि निर्धारण गर्न वाञ्छनीय भएकोले, नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन२०८० बमोजिम अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८०" यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१)यो कार्यविधिको नाम " अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेकोछ।

(२) यो कार्यविधि राजपत्रदमा प्रकाशन पश्चात लागु हुनेछ।

**२. परिभाषा :** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "अस्पताल" भन्नाले घोडाघोडी नगरपालिकाले संचालन गरेको अस्पताललाई सम्झनुपर्छ।

(ख)"अध्यक्ष"भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष्यलाई सम्झनु पर्छ।

(ग) "प्रमुख"भन्नाले घोडाघोडी नगरपालिकाको नगरपालिका प्रमुखलाई सम्झनुपर्छ।

(घ) "अस्पताल प्रमुख"भन्नाले अस्पतालको सदस्य सचिवलाई सम्झनु पर्छ।

(ङ) "उप प्रमुख"भन्नाले घोडाघोडी नगरपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ।

(च)"ऐन"भन्नाले घोडाघोडी नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०८० लाई सम्झनुपर्छ।

(छ) "कार्यपालिका"भन्नाले घोडाघोडी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ज)"कार्यविधि"भन्नाले घोडाघोडी नगरपालिकाको अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्झनुपर्छ।

(झ) "चिकित्सक तथा स्वास्थ्यकर्मी"भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ

(ञ) "नगरपालिका"भन्नाले घोडाघोडी नगरपालिका सम्झनुपर्छ।

(ट)"नगरपालिका क्षेत्र"भन्नाले घोडाघोडी नगरपालिकाको भूभाग सम्झनुपर्छ।

(ठ)"पदाधिकारी"भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीहरुलाई सम्झनुपर्छ।

(ड)"समिति"भन्नाले दफा ३ बमोजिम गठित अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ढ)"शाखा"भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनुपर्छ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

(ण)"प्रशासकीय अधिकृत"भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीयअधिकृतलाई सम्झनुपर्छ।
(त)"शाखा प्रमुख"भन्नाले नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई सम्झनुपर्छ।
(थ) "सदस्य सचिव"भन्नाले अस्पताल प्रमुखलाई सम्झनुपर्छ।

## परिच्छेद- २
## अस्पताल व्यवस्थापन समितिको गठन र सन्चालन

**३. समितिको गठन :** (१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति गठनहुनेछ
(क) नगरपालिका प्रमुख- अध्यक्ष
(ख) नगरपालिका उपप्रमुख- उपाध्यक्ष
(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य
(घ) अस्पताल रहेको वडाको अध्यक्ष- सदस्य
(ङ) सामाजिक विकास समितिकको संयोजक- सदस्य
(च) स्वास्थ्य शाखा प्रमुख- सदस्य
(छ) अस्पताल प्रमुख- सदस्य सचिव
(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषयविज्ञ, जनप्रतिनिधि तथा अन्य कर्मचारी र पालिकाभित्रका प्रमुख राजनीतिक दलका सदस्यहरुलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ।
**४. पदावधि :** समितिका पदाधिकारीहरुको पदावधि ५ वर्षको हुनेछ। तरपदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वत: समाप्त हुनेछ। र जनप्रतिनिधि विहीन भएको अवस्थामा स्थानीय तहको प्रमुखको जिम्मेवारीमा रहेको ब्यक्ति अध्यक्ष हुनेछ|
**५. पदावधि रिक्त हुने :** निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ:-
(क) मृत्यु भएमा,
(ख) राजीनामा दिएमा,
(ग) बिना सूचना लगातार ३ पटक समितिको वैठकमा अनुपस्थित भएमा,
(घ) फौजदारी अभियोग प्रमाणित भएमा,
(ङ) स्वास्थ्य संस्थाकोअहित हुने काम गरेको प्रमाणीत भएमा,
**६. काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-
(क) नेपाल सरकार बाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।
(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्नेगराउने।
(ग) अस्पतालको नियमित संचालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।
(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने
(ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने।
(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकासएवं बृत्ति विकासको लागि आवश्यक कार्य गर्ने। अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने।

घोराही नगरपालिका स्थानीय राजपत्र

(छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक रस्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ज) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, दलित, ज्येष्ठ नागरिक, विपन्नवर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्ये नजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बालस्वास्थ्य तथा मातृ शिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका सामाजिक विकास समिति र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(थ) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(न) अस्पताल सञ्चालनको लागि नगरपालिकाले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।

(प) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

(फ) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच. एम. आइ. एस. अनुसार तयारगरि डि. एच. आई. एस. २मा तथ्याङ्क प्रविष्ट गर्ने ।

(ब) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन लगायत प्रचलित कानून र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(भ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु संचालन गर्ने ।

(म) नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

**७. समितिको बैठक र संचालन विधि :** (१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा १ महिनाको १ पटक समितिको बैठक बोलाउनु पर्नेछ तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा वैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन । तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन ।

(४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा वैठक संचालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले र अध्यक्षज्यूले प्रमाणित गर्नेछन ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

## परिच्छेद- ३
## कोष तथा लेखा परीक्षण

**८. अस्पतालको कोष :** (१) अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ।

(२) उप दफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकमहरु जम्मा हुनेछ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) नगरपालिका बाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, स्वदेशी, वैदेशिक दाता, गुठी वा संस्थाबाट प्राप्त अनुदान रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्विकृति लिनु पर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

**९. कोष खाता संचालन :** (१) अस्पताल व्यवस्थापन समिति र अस्पतालको आय व्यय दुरुस्त राख्न समितिले निर्णय गरी तोकिएका ब्यक्तिहरु अस्पातल प्रमुख (सदस्य सचिव) र नगरपालिकाले तोकेको आर्थिस प्रशासन समूहको कर्मचारी गरि २ जनाको संयूक्त दस्तखतबाट खाता संचालन हुनेछ|

(२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णयगरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ । साथै सो खाता प्रचलित कानुन वमोजिम संचालन हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दनी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय, व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछर्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

**१०. लेखा परीक्षण :** (१) अस्पताल व्यवस्थापन समितिले तोकिए वमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) आन्तिरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखावाट हुनेछ ।

(३) समितिको अन्तिम लेखा परिक्षण नगरपालिकाको श्रेस्तासँगै महालेखा परिक्षक वा निजले तोकेको लेखा परीक्षकवाट हुनेछ ।

**११. बैठक भत्ता :** समितिका सदस्यहरुको बैठक भत्ता तथा वैठक सम्बन्धि अन्य खर्च नगरपालिकाको खर्च कार्यविधि तथा आर्थिक नियमावली बमोजिम वा कार्यपालिकाले तोके बमोजिम अस्पताल व्यवस्थापनसमितिको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ ।

घोराही उपमहानगरपालिका राजपत्र

**१२. <u>सेवा शुल्क सम्बन्धि व्यवस्था :</u>** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णयगरे बमोजिम हुनेछ। तरनि: शुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइने छैन।

**परिच्छेद- ४**

**जनशक्ति, औषधी उपकरणको व्यवस्थापन**

**१३. <u>कर्मचारी व्यवस्थापन :</u>** (१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले दरवन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीहरु हुनेछन।

(क) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति|

(ख) करार: करार सेवामा भर्ना गरिएका जनशक्ति

(ग) अभ्यासकर्ता: छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थीहरु

(घ) विषयविज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वच्छिक सेवा उपलव्ध गराएका व्यक्तिहरु;

(ङ) विभिन्न शैक्षिक सस्थाहरुवाट आएकाईन्टनसिप/OJTविद्यार्थीहरु;

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीवाट गराउन अपुग भएमा अस्पतालले नगरपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्दति अनुरुप प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधासमितिले निर्धारण गर्नेछ।

(५) यो कार्यविधि प्रारम्भ हुँदाका वखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुविधाको व्यवस्था गर्न सक्नेछ।

(६) आकस्मिक स्वास्थ्य सेवा वा अतिरिक्त समय वा अन्य सेवाहरु प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णयगरी थप सुविधा उपलव्ध गराउन सक्नेछ।

(७) अस्पतालको आफ्नै जनशक्ति, दरबन्दी संरचनाहुनेछ; तर कार्यपालिकालेआवश्यकता अनुसारसमय समयमा केहि संशोधन तथा थपघट पनि गर्न सक्नेछ।

(८) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ।

(९) प्रमुख प्रशासकीयअधिकृतसँग अस्पतालका प्रमुखले र अस्पताल प्रमुखसँग अन्य कर्मचारीहरुले कार्य सम्पादन करार गर्नुपर्नेछ।

(१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागिआवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ।

(११) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ

**१४. <u>अभ्यासकर्ता सम्वन्धी व्यवस्था :</u>** अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगि सम्वन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थिहरुलाई अस्पतालले प्रचलित कानून बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ।

**१५. <u>कर्मचारी स्वास्थ्यकर्मिहरुको सेवा सुविधा :</u>** <u>कर्मचारी</u> तथा स्वास्थ्यकर्मिहरुको सेवा, सुविधाप्रचलित कानुन बमोजिम वा समितिले तोके बमोजविम हुनेछ।

**१६.<u>औषधि खरीद, भण्डारण :</u>** (१) नगरपालिकाबाट निशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा अस्पतालले समितिको निर्णय गराई प्रचलित कानून बमोजिम आवश्यक औषधि खरीद गर्न सक्नेछ।

घोराही नगरपालिका स्थानीय राजपत्र

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरीद योजना बनाई नगरपालिका बाट स्वीकृत गर्नुपर्नेछ।

(३) अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधी नियमित रुपमा उपलव्धताको व्यवस्था गर्नु पर्नेछ ।

(४) अस्पतालले अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नु पर्नेछ ।

(६) औषधी आपुर्ति तथा वितरणलाई पारदर्शी वनाउन अस्पताल प्रमुखले १ जना व्यक्ति तोक्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी श्रेस्ता मिलाउनुपर्ने र दैनिक औषधीको खपत र मौज्दात मिलाउनु पर्ने तथा दैनिक अभिलेख राख्नुपर्ने र उपकरणको विवरण दुरुस्त राख्नु पर्नेछ ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवस्थापनसमिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ।

(९) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्नबमोजिम जानकारी दिनुपर्नेछ ।

(क) औषधी सेवन विधि र मात्रा

(ख) औषधीको सेवन अवधि

(ग) औषधीबाट हुन सक्ने प्रति असर

(घ) औषधी सेवन अवधिभर अपनाउनुपर्ने सावधानी

(ङ) औषधी सुरक्षित राख्ने स्थान र विधि

(१०) औषधी वितरण गर्दाऔषधी विक्री वितरण सम्बन्धी सहिंता र औषधी सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

(११) अस्पतालले आपुर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनु पर्नेछ ।

**१८. <u>फार्मेसी संचालन गर्ने</u> :** (१) निशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ ।

(२) फार्मेसी मार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्थापन समितिको समन्वयमा अस्पतालले गर्नेछ ।

(३) फार्मेसी संचालन सम्बन्धी अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१९. <u>एम्बुलेन्स संचालन</u> :** (१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**२०. <u>आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन</u> :** (१) अस्पतालले २४ सौं घन्टाआकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

(२) अस्पतालमा संभव उपचार तत्कालगरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आकस्मिक उपचार कक्षमा सवैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(४)अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार नि: शुल्क उपलव्ध गराउनु पर्नेछ र आधारभुत सेवा वाहेकका आकस्मिक उपचार खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएको हकमा सोही वीमाबाट र वीमा नभएकोवा वीमारकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरिने छैन।अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई नगरपालिकाको आकस्मिकउपचार कोषबाटवा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलव्ध गराउन सकिने छ ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

**२१. <u>सेवा व्यवस्थापन</u> :** (१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ. पि. डी., प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछकक्ष, दर्ताकक्ष, प्रतिक्षालयलगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

(२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने छ।

(३) अस्पतालले बहिरंग सेवा प्रदानगर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका ( दिन र बार र समय ) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नेछ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक बाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ।

(५) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने ब्यबस्था सुनिश्चित गर्नेछ।

(६)अस्पतालले चौबि सौं घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ।

(७)बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ।

(१०) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपालसरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनु पर्नेछ।शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्धता गराउनुपर्नेछ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफासुग्घर राख्नुपर्नेछ।

(१४) अस्पतालमा प्रयोगहुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्तालुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधा युक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्धपानी आपूर्ति हुनुपर्नेछ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै बिभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याक अप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ।

(१८) अस्पतालमा उपचारका लागिआउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिबार्यरुपमा उपलब्ध हुनेछ। थप निशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा सो को प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अबधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ।

(२१) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, बिद्युतीय उपकरण र अन्य बिद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने ब्यबस्था हुनुपर्नेछ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ।

घोराही नगरपालिका स्थानीय राजपत्र

(२३) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारण मा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा संचालन गर्न समितिले छुट्टै कार्यसंचालन निर्देशिका तयार गरी लागू गर्नेछ।

(२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, वालवबालिका र अपाङ्गता मैत्रीहुनुपर्नेछ। साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर राख्नु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(२७) स्वास्थ्य सेवा संचालन र पुर्वाधार सम्बन्धिअन्य व्यवस्था प्रचलित कानून, मापदण्डर प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

## परिच्छेद- ५
## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**२२.<u>अस्पताल सूचना प्रणाली</u> :** (१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सूचना नगरपालिका, प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलव्ध गराउनुपर्नेछ।

(३) अस्पतालवाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको अनुसूची १ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नुपर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्थागरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्ने छ।

(७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समयसमयमा अस्पतालले जनचेतनामूलक अभियनान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि. एच. आई. एस. सिस्टममा प्रविष्ट गर्नुपर्नेछ।

(१०)अस्पतालवा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

**२३. <u>गुनासो व्यवस्थापन</u> :** (१) अस्पतालले सवैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक महिना नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ।

**२४. <u>प्रेषण सम्बन्धी व्यवस्था</u> :** (१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागितुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर, अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अबस्था हुँदा हुँदै प्रेषण गर्न पाइने छैन।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ।
(४) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ।
(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदन्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ।
(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्नबाधा पुग्नेछैन।
(७) प्रेषण गर्दागर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।
(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था नगरपालिका ले तोके बमोजिम हुनेछ।
(९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ।
(१०)अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सो को विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ।
(११)उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेखगरी अनुसुची २ बमोजिमको डिस्चार्ज सारांश दिनुपर्नेछ।
(क) विरामीको परिचयपत्र नं.
(ख) मूख्य समस्याहरू
(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश
(घ) तत्काल गरिएको परीक्षणको सारांश
(ङ) उपचारको क्रममा भेटिका तथ्य
(च) उपचारको क्रममा अपनाइएको प्रकृया
(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि
(ज) गरिएको उपचारको विवरण
(झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्दति, औषधिको मात्रा, प्रकृया तथा अवधि
(ञ) पुन:आउनुपर्ने वा नपर्ने जानकारी
(ट) निदानात्मक जाँचहरूको रिपोर्टको सारांश
(ठ) अन्य आवश्यक कुराहरू

## परिच्छेद- ६
## विविध

**२५. अस्पतालको छाप :** अस्पतालको सम्पूर्ण काम कारबाहीको निमित्त नेपाल सराकाराको निशाना छापको प्रयोग गरिने छ।

**२६. अस्पतालको संगठन संरचना :** अस्पतालकोसङ्गठन संरचना देहाय बमोजिम हुनेछ।

**तपशिल:**

| क्र. सं. | पद | श्रेणी/तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मे. सु. | ९/१० | १ | |
| २ | क./क. मे. जनरलिष्ट | ९/१० | २ | |
| ३ | मेडिकल अधिकृत | ८ | ४ | |
| ४ | डेन्टल सर्जन | ८ | १ | |
| ५ | ल्याव टेक्नोलोजिष्ट | ७ | १ | |
| ६ | हेल्थ असिस्टेन्ट | ५/६/७ | ८ | |

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

| | | | | |
|---|---|---|---|---|
| ७ | स्टाफ नर्स | ५/६/७ | ८ | |
| ८ | कविराज (आयुर्वेद) | ५/६/७ | १ | |
| ९ | ल्याव टेक्निसियन | ५/६/७ | २ | |
| १० | रेडियोग्राफर | ५/६/७ | २ | |
| ११ | फार्मेसी सहायक | ५/६/७ | २ | |
| १२ | अप्थाल्मिक सहायक | ५/६/७ | १ | |
| १३ | एनेस्थेटिक सहायक | ५/६/७ | १ | |
| १४ | अ.हे.व. | ४/५/६ | ६ | |
| १५ | अ.न.मी. | ४/५/६ | ६ | |
| १६ | डेन्टल हाइजिनिस्ट | ४/५/६ | १ | |
| १७ | सहायक कर्मचारी (प्रशासन) | ४/५ | १ | |
| १८ | सहायक लेखापाल | ४ | १ | |
| १९ | ल्याव असिस्टेन्ट | ४ | ३ | |
| २० | कम्प्युटर सहायक | ४ | १ | |
| २१ | रिसेप्सनिष्ट | ४ | २ | |
| २१ | प्लम्बर | प्राविधिक | १ | |
| २२ | इलेक्ट्रीसिएन | प्राविधिक | १ | |
| २३ | कार्यालय सहयोगी | श्रेणी विहिन | ६ | |
| २४ | सरसफाईकर्मी | श्रेणी विहिन | ८ | |
| २५ | सेक्युरिटी गार्ड | | ३ | |
| | जम्मा | | ७४ | |

**नोट:** उपरोक्त संरचनालाई अस्पताल व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार थपघट गर्न सकिनेछ।

**२७. साझेदारी गर्न सक्ने :** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायतका व्यवस्थापन गर्नर विशेषज्ञ सेवा संचालन गर्न नगरपालिका संग समन्वयगरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ।

**२८. वार्षिक प्रतिवेदन पेश गर्ने :** समितिले बर्ष भरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

**२९. निर्देशन पालना गर्नुपर्ने :** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**३०. नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने :** नगरपालिकाको स्वीकृति विना अस्पताल विकास समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नुहुँदैन।

**३१. अधिकार प्रत्यायोजन गर्न सक्ने :** समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष्य, उपाध्यक्ष्य र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३२. कार्यविधिको पालना गर्नुपर्ने :** यस कार्यविधिको पालना गर्नु नगरपालिका भित्रका १५ शैया सम्मका सबै सरकारी अस्पतालहरुको दायित्व हुनेछ।

घोराही नगरपालिका स्थानीय राजपत्र

**३३. व्याख्या गर्ने अधिकार :** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा कार्यपालिकाले सो को व्याख्या गर्नेछ।

**३४. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

**३५. संसोधन गर्नु परेमा :** यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संसोधन गर्नु परेमा कार्यपालिकाबाट संसोधन हुनेछ।

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

## अनुसूची १

**दफा २२ कोउपदफा ४ सँग सम्बन्धित**

**अस्पतालबाट प्रदान गरिने सेवाकोनागरिक बडापत्रको ढाँचा**

| सि.नं. | शाखा/वार्ड | प्रदान गरिने सेवाकोविवरण | सम्बन्धित सम्पर्कव्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र

**अनुसूची २**
**दफा २४ को उपदफा ११ सँग सम्बन्धित**
**डिस्चार्ज सारांश ढाँचा**

<table>
<tr><td colspan="2">..................................अस्पताल<br>डिस्चार्ज सारांश</td></tr>
<tr><td>विरामीको नाम:</td><td>उमेर:</td></tr>
<tr><td>विरामीको ठेगाना;</td><td>सम्पर्क नं.</td></tr>
<tr><td>अस्पतालको वार्ड:</td><td>युनिट:</td></tr>
<tr><td>विरामीको परिचयपत्र नं./दर्ता नं.:</td><td>मिति:</td></tr>
<tr><td colspan="2">समस्याहरु:<br>..............................................................................................................................</td></tr>
<tr><td colspan="2">परिक्षण विवरण:<br>..............................................................................................................................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा भेटिएका तथ्य, उपचार प्रक्रिया र पद्धति:<br>..............................................................................................................................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि, भर्ना भएको मिति र समय: ...............................<br>..............................................................................................................................</td></tr>
<tr><td>उपचार सम्बन्धि विवरण:<br>...........................................................</td><td>सिफारिस औषधिको नाम, मात्रा र अवधि:<br>.........................................................</td></tr>
<tr><td colspan="2">डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था र सो समयमा दिएको निर्देशन:<br>..............................................................................................................................</td></tr>
<tr><td colspan="2">पुनः अस्पताल आउने (Follow Up) सम्बन्धि विवरण:<br>यस उपचारको क्रममा पुनः अस्पताल आउनुपर्ने वा नपर्ने:<br>आउनुपर्ने मिति:</td></tr>
<tr><td colspan="2">अन्य आवश्यक कुराहरु:<br>..........................................................................................................................</td></tr>
<tr><td colspan="2"><br>........................<br>ईन्चार्जको हस्ताक्षार</td></tr>
</table>

आज्ञाले
शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका स्थानीय राजपत्र